सर्वोच्च अदालत
काठमाडौं

श्री सर्वोच्च अदालतबाट

**सर्वोच्च अदालत, संयुक्त इजलास**

**माननीय न्यायाधीश श्री अनिल कुमार सिन्हा**

**माननीय न्यायाधीश श्री हरि प्रसाद फुयाल**

**आदेश**

०७७-WO-००५८

विषयः परमादेश।

एफोर्टल्यावको तर्फवाट र आफ्नो हकमा समेत अधिवक्ता पदम बहादुर श्रेष्ठ------निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय काठमाडौं समेत ----------------------विपक्षी

आज अन्तरिम आदेशको छलफलको निमित्त पेश भएको प्रस्तुत निवेदनमा निवेदक अधिवक्ता श्री पदमबहादुर श्रेष्ठको तथा निवेदकतर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री प्रा.डा. श्री अम्बरप्रसाद पन्त, श्री प्रकाशमणी शर्मा र डा.श्री नारायण घिमिरे तथा विद्वान अधिवक्ताहरु श्री शुमनराज आचार्य, श्री हरिश्चन्द्र सुवेदी, श्री कृतिनाथ शर्मा पौडेल, श्री विकास भट्टराई, श्री भुवनप्रसाद वाग्ले, श्री अनन्तराज लुइटेल, श्री श्रीधराकुमारी पुडासैनी, श्री ओमप्रकाश अर्याल, श्री ताराकुमार श्रेष्ठ, श्री सरोजकृष्ण घिमिरे, श्री उमेशप्रसाद, श्री विष्णुकुमार थोकर, श्री राजु फुयाल, श्री सुलोचना धिताल, श्री सन्तोष भण्डारी, श्री विश्वरमण सिंह, श्री इन्दिरा सिलवाल, श्री विशालकुमार उपाध्याय, डा.श्री शिवकुमार यादव, श्री कृष्णगोपाल अर्याल, श्री गोपालराज अर्याल, श्री षटकोण श्रेष्ठ, श्री युद्धमान महर्जन, श्री नवराज पाण्डे, श्री सुजन नेपाल, श्री स्वेताकुमारी कलवार, श्री लक्ष्मी (नानी) थापा तथा विपक्षी नेपाल सरकारको तर्फबाट सह-न्यायाधिवक्ता श्री ध्रुवकुमार चौहानले गर्नुभएको बहससमेत सुनियो।

यसमा निवेदकले मूलतः नेपाल सरकार तथा राज्यका विभिन्न निकायले वर्षेनी सवारी साधन खरीद गर्ने गरेको तर महालेखा परीक्षकको कार्यालयको प्रतिवेदन (२०७७ पृ.१२०) अनुसार त्यस्ता सवारी साधनहरुको अद्यावधिक विवरण तयार नगरिएको, आर्थिक कार्यविधि ऐन, २०६४ को दफा २८ र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५८ ले टुटफुट तथा बेकम्मा भई पुनः मर्मत नहुने भनी किटान भएका

मालसामान जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भएको ६ महिनाभित्र लिलाम बिक्रीको कारवाही गर्नुपर्ने व्यवस्था भएको भएतापनि जिम्मेवार निकायबाट अनुगमन/निरीक्षण नभएको र करदाताको कर रकमबाट किनिएका साधन/सामाग्रीहरुको मूल्य ह्रास भएको तथा बेथिती पूर्ण रुपमा भण्डारण समेत गरी सार्वजनिक रुपमा राखिएकोले महालेखा परीक्षकको कार्यालयबाट सवारी साधन खरिदमा बाई ब्याक मेथडबाट सवारी साधन प्रतिस्थापन गर्नुपर्ने वा समयमै लिलाम बिक्री गर्नुपर्ने भन्ने विषयहरु उठाएको पाइन्छ।

त्यस्तै, निवेदकले बेथितीपूर्ण रुपमा राखिएका साधन/सामाग्रीले गम्भीर रासायनिक प्रतिकूलता सृजना गरी वातावरणमा पनि असर गरेको, यस्ता साधन/सामाग्रीको सदुपयोग वा लिलामी सम्बन्धमा भएका कानूनी व्यवस्थाको पालना नगरेको, करदाताले तिरेको कर रकम, राजश्व र आर्थिक क्षति पुऱ्याएको, यस्तो बेथिंती संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय तहमा समेत रही देश भरी समस्याको रुपमा रहेको र त्यस्ता सामाग्रीले शहर तथा कार्यालयमा विरुपता सृजना गरी फलफूल तथा बगैंचा लगाउने जमिनसमेत ओगटी बसेको, त्यस्ता साधन/सामाग्रीको मन्त्रालयगत्, कार्यालयगत् वा केन्द्रीय लगतको व्यवस्था नभएको, त्यस्ता साधन/सामाग्रीको व्यवस्थापन गर्ने सम्बन्धित अधिकारी, निजको उत्तरदायित्व सहितको स्पष्ट कानूनी व्यवस्था वा मापदण्ड नभएको, पुराना सवारी साधन/सामाग्रीहरुको नयाँद्वारा प्रतिस्थापन गर्ने स्पष्ट मापदण्ड नभएको र यस सम्बन्धमा विभिन्न सञ्चार माध्यमहरुमा सरोकार व्यक्त गर्दा पनि राज्यबाट कुनै प्रभावकारी कदम नचालिएको भन्ने विषयहरु समेत उठाएको पाइयो।

निवेदकले उठाएका उपरोक्त विषयहरु गम्भीर तथा राज्यबाट सर्वसाधारण जनताले अपेक्षा गरेको सुशासनसँग प्रत्यक्ष सम्बन्ध राख्ने प्रकृतिको देखिएको छ। निवेदनमा उठाएका विषयहरुको अन्तरबस्तुमा प्रवेश गर्न गम्भीर अध्ययनको आवस्यकता पनि देखिएको छ। यसरी ती सवारी साधनहरुको व्यवस्थापन बारे १. नेपाल सरकारबाट तथा महालेखा परीक्षकको कार्यालयबाट हालसम्म के-कस्ता कार्यहरु भएका छन्, २. निकट भविष्यमा त्यस्लाई कसरी र कुन अवधीसम्म व्यवस्थापन गरी सुशासन प्रत्याभूत हुने गरी जनसाधारणको चासोलाई सम्बोधन गर्ने योजना रहेको छ, ३. हाल नेपाल राज्य भरी यसरी अव्यवस्थित भण्डारण गरिएका साधन/सामाग्रीको बाई ब्याक मेथडबाट प्रतिस्थापन वा पुनः प्रयोग वा लिलामका सम्बन्धमा के कस्ता अवरोधहरु विद्यमान छन्, कसरी तथा कति अवधी सम्ममा त्यस्ता साधन/सामाग्रीको प्रभावकारी रुपमा व्यवस्थापन गर्न सकिन्छ, ४. केन्द्र, प्रदेश तथा स्थानीय तहका सरकारहरुलाई यस बिषयको ब्यवस्थापन गर्दा त्यस्तो कानूनी अड्चन देखिएको छ, ५. के कस्तो कानूनी व्यवस्था र मापदण्डका

आधारमा पारदर्शी रुपमा दीर्घकालिन व्यवस्था गर्न सकिन्छ भन्ने बारे अध्ययन गर्न आबश्यक भएकोले तत्काल अन्तरिम आदेश जारी गर्नु पर्ने अवस्थाको विद्यमानता देखिएन।

निवेदकको माग बमोजिमको अन्तरिम आदेश जारी नभएपनि प्रस्तुत निवेदनको किनारा गर्नु अघि ती बिषयहरुका सम्बन्धमा प्राथमिकताका साथ अध्ययन गरी ती सवारीका साधन तथा अन्य बेकम्मा सामाग्रीहरुको तथ्याङ्क समेत समावेश गरी प्रस्ताव तथा कार्ययोजना सहितको प्रतिवेदन पेश गर्न लगाउन उपयुक्त देखिएकोले ती विवरणहरुसमेतको कार्यादेश सहितको समिति बनाई उपरोक्त बमोजिमको प्रतिवेदन पेश गर्न विपक्षी नेपाल सरकारको नाममा आदेश जारी गरिदिएको छ। उक्त कार्यका लागि प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयका सचिवको संयोजकत्वमा अर्थ मन्त्रालय, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, महालेखा परीक्षकको कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयका जिम्मेवार प्रतिनिधी तथा निवेदक सहितको प्रतिनिधित्व गराई समिति गठन गरी यस अदालतबाट भएको आदेश प्राप्त भएको मितिले ६ (छ) महिनाभित्र यस अदालतमा प्रतिवेदन पेश गर्न तथा उक्त प्रतिवेदन तयार गर्दा लाग्ने खर्च प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट बेहोर्न समेत आदेश गरिदिएको छ।

निवेदनको गम्भीरतालाई विचार गर्दा प्रस्तुत निवेदनको चाँडै सुनुवाई गरिनु आवश्यक देखिएकोले उल्लिखित प्रतिवेदन प्राप्त भएको ३० (तिस) दिन भित्र सुनुवाईको लागि प्रस्तुत निवेदनको पेशी चढाउनु होला।

न्यायाधीश

न्यायाधीश

इति सम्वत् २०७७ साल साउन महिना २६ गते रोज २ शुभम् ..........................।